Welcome to Online Application Portal of

# National Licensure Examination for Veterinarian (NLEV)

Nepal Veterinary Council (NVC)

## नेपाल पशु चिकित्सा परिषद्को नाम दर्ता परीक्षा (NLEV) को

## Online आवेदन सम्बन्धी जानकारी

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ र नियमावली, २०५७ बमोजिम मान्यता प्राप्त विश्वविद्यालयबाट **B.V.Sc. & A.H.** वा **B.V.Sc.** वा **D.V.M** वा सो सरहको उपाधि हासिल गरी परिषद् मा स्थायी नाम दर्ता गराउन चाहने व्यक्तिको लागि नाम दर्ता परीक्षा **(NLEV)** मा समावेश हुन **Online** आवेदन आवाहन गरिएकोले रीतपूर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## परीक्षा आवेदन र संचालन तालिका

| महत्वपूर्ण प्रकृयाहरु | मिति र समय |
|---|---|
| **दरखास्त पेश गर्ने अन्तिम मिति** | **२०७७।०७।०६, मध्यरात १२ बजेसम्म** |
| दोब्बर दस्तुर तिरेर दरखास्त पेश गर्ने अन्तिम मिति | २०७७।०७।१३, मध्यरात १२ बजेसम्म |
| सदर आवेदन तालिका प्रकाशन मिति | २०७७।०७।२०, साँझ ०५ बजेसम्म |
| आवेदक/परीक्षार्थी नामाबली प्रकाशन मिति | २०७७।०७।२१, साँझ ०५ बजेसम्म |
| प्रवेशपत्र बितरण मिति | २०७७।०७।२२, परीक्षा केन्द्र |
| परीक्षा सञ्चालन हुने मिति र स्थान | २०७७।०७।२२, काठमाडौं |
| परीक्षाफल प्रकाशन मिति | २०७७।०७।२२ |

**नोटः** उपरोक्त तालिका र मितिमा बिशेष परीस्थितीको कारण कुनै फेरबदल हुने जानकारी **www.vcn.gov.np** मा पाउन सकिनेछ ।

## Online दरखास्त सम्बन्धी निर्देशीका तथा महत्वपूर्ण जानकारीहरु

नेपाल पशुचिकित्सा परिषद् ऐन २०५५, पशुचिकित्सा शिक्षा न्यून्तम मापदण्ड नियमावली र सोही सम्बन्धी बनेको निर्देशिका २०७३ अनुसार नेपाल पशु चिकित्सा परिषद्बाट मान्यता प्राप्त विश्वविद्यालयबाट पशुचिकित्सा शास्त्रको स्नातक उपाधि **(B.V.Sc. & A.H./ B.V.Sc. / DVM** वा सो सरह) प्राप्त गरेको व्यक्तिले मात्र नामदर्ता परीक्षा **(National Licensing Examination for Veterinarians)** मा सहभागी हुने व्यवस्था भए बमोजिम उक्त परीक्षामा सहभागी हुने प्रयोजनका लागि अनलाईन दरखास्तको व्यवस्था गरिएको छ ।

यस परिषद्ले सञ्चालन गर्ने दर्तावाल पशु चिकित्सकको नामदर्ता प्रमाणपत्र परीक्षा **[National Licensing Examination for Veterinarians (NLEV)]** मा सहभागीहुनको लागि अनलाईन दरखास्त पेश गर्नु पर्नेछ । **Online** प्रकृयामा प्रवेश गर्नु अघि आवेदनका लागि आवश्यक पर्ने सबै जाकारीहरु तथा तोकिए बमोजिमको कागजात तथा प्रमाणपत्रहरुको **Scan** कपि तोकिएको ढाँचामा अपलोड हुन सक्ने तयारी अवस्थामा राख्नु पर्दछ ।

## Online आवेदनका लागि निम्नानुसारका प्रकृयाहरु पुरा गर्नु पर्नेछ :

१. आवेदन प्रकृया शुरु गर्न निम्न **"Online Application"** लिङ्कमा क्लिक गर्न सकिनेछ ।

२. हरेक आवेदनको लागि आवेदकले **Sign-Up** गर्नुपर्ने हुदाँ लिङ्कमा क्लिक गरि **New User ! Sign Up** मा केही प्रारम्भिक व्यक्तिगत जानकारीहरु भर्नुपर्नेछ । **Sign-Up** गरे पछि अनलाईन आवेदन दिनका लागि हरेक आवेदकको आ-आफ्नै **Dash-Board** हुनेछ । यो **Dash-Board** अनलाईन आवेदन कार्यको लागि र आवेदन **"Submit"** गर्ने चरणसम्म मात्र उपलब्ध रहनेछ ।




३. **Sign Up** गरे पश्चात **Sign In** को पाना आउनेछ । **Sign In** गर्दा **User name** को स्थानमा **Sign Up** गर्दा लेखिएको **Email ID** र **passcode** को स्थानमा **Sign Up** गर्दा लेखिएको **Password** भर्नुपर्नेछ । तसर्थ, **Sign Up** मा हालिएको **Password** कदापी भुल्नु हुदैन् । **Sign In** गर्दा **Password** बिर्सन गएमा **"Forget Password?"** मा क्लिक गरि वा **NLEV@vcn.gov.np** मा ईमेल सम्प्रेषण गरि नयाँ **Password** साबिकको **Email ID** मा प्राप्त गर्न सकिनेछ ।




४. **Sign In** गरि अनलाईन आवेदन भर्न सकिनेछ ।

५. अनलाईनमा भर्नुपर्ने जानकारीहरुको खाका हेर्न अर्को **pdf** फाईल क्लिक गरि **template** आवेदन हेर्न वा **downlaod** गर्न सकिनेछ र त्यसका लागि आवश्यक जानकारीहरु अनलाईन फारममा प्रवेश गर्न अगाडी नै एकत्रित गरि राख्न सकिनेछ ।

६. **Online** आवेदन भर्न शुरु गर्नु अगाडी सबै सम्बन्धित शैक्षिक तथा व्यक्तिगत कागजातहरुलाई ***.jpg** वा ***.pdf format** (कुनै पनि **file** लाई **download** गरि प्रिन्ट गर्दा प्रष्ट बुझिने र अधिक्तम **2 Mb** को हुनु पर्नेछ) मा राम्ररी **Scan** गरि आवेदन साथ अपलोड गर्न सकिने गरि **copy** को रुपमा तयारी अवस्थामा राख्नु पर्दछ । यसबाट अनलाईन आवेदन भर्ने कार्य सहज, सरल तथा छरितो हुन जानेछ ।

साथै, कुनै वैदेशिक शिक्षण संस्थाबाट प्रमाणपत्र तहवा स्नातकतहमा अध्ययन गरेको भए समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्ने ।

## आवेदन साथ संलग्न (Upload) गर्नुपर्ने कागजात र प्रमाणपत्रहरुको सूची :

1. Marksheet of SLC/SEE or Equivalent
2. Character Certificate of SLC/SEE or Equivalent
3. Board Certificate of SLC/SEE or Equivalent
4. Transcript of I.Sc./10+2 or Equivalent
5. Character Certificate of I.Sc./10+2 or Equivalent
6. Board Certificate of I.Sc./10+2 or Equivalent
7. Equivalent Certificate of I.Sc./10+2 or Equivalent (Mandatory of certificate other than Nepal board)
8. Transcript of Vet. Degree (B.V.Sc. and A.H., B.V.Sc., D.V.M. or Equivalent)
   (if you have more than one pages of transcript, make single pdf file with merge of all pages together)
9. Character Certificate of Vet. Degree (B.V.Sc. and A.H., B.V.Sc., D.V.M. or Equivalent)
10. Equivalent Certificate of Vet. Degree (B.V.Sc. and A.H., B.V.Sc., D.V.M. or Equivalent)
    (Mandatory for the foreign students)
11. University Certificate of Vet. Degree (B.V.Sc. and A.H., B.V.Sc., D.V.M. or Equivalent)
12. Bank Voucher (not needed if payment made through eSewa)
13. Citizenship (both side)
14. Passport size photo
15. Personal electronic signature

(**Remarks:** The above documents and files/photos should be in *.jpg or *.pdf format with maximum size upto 2 Mb)

व्यक्तिगत पासपोर्ट फोटो निम्न अनुसारको हुनु अनिवार्य छः



७. आवेदकले बैंक वा **eSewa** मार्फत निम्न अनुसारको तोकिएको आवेदन तथा परीक्षा दस्तुर बुझाउनु पर्नेछ । भुक्तानीको बिबरण र भौचर आवेदन साथ अनिवार्य पेश गर्नु पर्नेछ ।

(क) स्वदेशी विश्वविद्यालयबाट उत्तिण गरेका परीक्षार्थी : रु. ५,०००।००

(ख) विदेशी विश्वविद्यालयबाट उत्तिर्ण गरेका परीक्षार्थी : रु. १०,०००।००

(ग) एक पटक नामदर्ता प्रमाणपत्र परीक्षा दिई सकेका परीक्षार्थी : रु. ४,०००।००

बैंक मार्फत दस्तुर भुक्तानी गर्दा निम्न बैंक खातामा जम्मा गरेको बैंक भौचर **Scan** गरि अपलोड गर्नु पर्नेछ :

बैंकको नाम : नेपाल इन्भेस्टमेण्ट बैंक लि., मुख्यकार्यालय दरबार मार्ग,

खातावालाको नाम : नेपाल पशु चिकित्सा परिषद्

बैंक खाता नं. : ००१०५०१००५१३७२

**eSewa** मार्फत भुक्तानी गर्दा निम्न **QR Code** लाई **Scan** गरि सिधै भुक्तानी गर्न सकिनेछ ।

SCAN ME

Nepal Veterinary Council

Code: 2010050185

Terminal: 149076

e-Sewa™

८. आवेदन सफलतापूर्वक **Submission** भएपश्चात स्वतः **Confirmation page** उपलब्ध हुनेछ । सो **Confirmation page** लाई **Save** वा **Print** गरि प्रवेशपत्र ग्रहण गर्दा भौतिक रुपमा पेश गर्नुपर्नेछ । **"Submit"** भई सकेको आवेदनलाई आवेदकद्बाट पुनः **login** गरि हेर्न सकिनेछ तर त्यसमा कुनै पनि फेरबदल गर्न सकिने छैन् । यस सम्बन्धि कुनै समस्या भएमा **NLEV@vcn.gov.np** मा ईमेल गरि सहयोग प्राप्त गर्न सकिनेछ ।

९. आवेदन फारममा कुनै किसिमको झुठा बिबरण भरिएको प्रमाणित भएमा वा प्रष्ट नबुझिने कुनै पनि कागजातहरु अपलोड गरि आवेदन **Submit** भएको पाईएमा त्यस्ता आवेदन उपर कुनै कार्यबाही हुने छैन् र त्यस्ता आवेदनलाई रद्द गर्न सकिनेछ ।

१०. दरखास्त स्वीकृत वा अस्वीकृत भएको व्यहोरा, परीक्षा हुने स्थान र समय, परीक्षाफल लगायत परिषद्मा सम्पर्क राख्ने सम्बन्धि सम्पूर्ण सूचनाहरु सम्वन्धित सबैलाई परिषद्को वेभसाईट मार्फत जानकारी गराइनेछ ।

११. सफल परीक्षार्थीको सम्पूर्ण व्यक्तिगत बिबरण, फोटो, हस्ताक्षर र कागजातहरुलाई तीनको सक्कल कागजातहरु र प्रमाणपत्रहरुबाट रुजु गरे पश्चात मात्र नेपालपशु चिकित्सा परिषद्मा नामदर्ता हुनेछ र त्यसरी अनलाईन आवेदन फारम भरेको बिबरण झुठा वाकागजातहरु फरक देखिएमा वा ठगी गरेको पाईएमा वा कुनै त्रुटी भेटिएमा सम्पूर्ण आवेदन र दर्ता प्रकृया रद्द गरि ती आवेदकलाई प्रचलित कानून बमोजिम कार्यवाही गरिनेछ ।

थप जानकारीको लागि निम्न ठेगानामा सम्पर्क गर्नु हुन अनुरोध छः

नेपाल पशु चिकित्सा परिषद, भेटेरिनरी कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाण्डौ, नेपाल

फोनः +977-1-5361210 & 5359144 | ईमेलः NLEV@vcn.gov.np

वेभसाईटः www.vcn.gov.np

*****